नेपाल सरकार
संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय
श्री शनिअर्जुन नगरपालिका कार्यालय,
शनिश्चरे, झापा

## ब्याकहो लोडर खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७३/१०/१२ गते)

यस कार्यालयका लागी ब्याक हो लोडर खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनी/संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७२/०७३ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७२/०७३ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी  नियमानुसार को वोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

३) बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा कृषि विकास बैक, विर्तामोड शाखामा रहेको धरौटी खाता नं. **०६००६०१०३८३३४०८२** दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

४) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

७) अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

८) बोलपत्र सम्बन्धी थप जानकारीका लागि शनिअर्जुन नगरपालिका कार्यालय तथा फोन नं. ०२३-४६५५०२ मा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | कामको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०२/२०७३/०७४ | ब्याक हो लोडर खरिद कार्य ( बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,१०,०००। |

मनोज राउत
कार्यकारी अधिकृत